# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ साउन २ गते

### मानव अधिकारमुखी विकास पद्धतिलाई आत्मसात गरी जवाफदेही बन

**(घटनाको सत्यतथ्य अनुसन्धान गरी १० दिनभित्र जानकारी गराउन आयोगद्वारा गृह मन्त्रालयलाई पत्राचार)**

गत असार ३० गते तारकेश्वर नगरपालिकाको नेपालटारस्थित सडक-नालीमा खसेर गम्भीर घाइते भएकी एक बालिकाको उपचारको क्रममा मृत्यू भएको तथा सामाखुशीस्थित सडक-नालीमै खसेर एक बालिका घाइते भएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपालटरस्थित सडक-नालीमा खसेकी बालिकाको तत्काल उद्धार हुन नसक्दा मृत्यु भएको थियो तर सामाखुशीस्थित सडक-नालीमा खसेकी बालिकाको प्रत्यक्षदर्शीहरुद्वारा तत्काल उद्धार गरिंदा बाँच्न सफल भइन् । घटना सम्बन्धमा विभिन्न सञ्चार माध्यम तथा सामाजिक सञ्जालमा समाचारहरु प्रसारण भए अनुरुप राष्ट्रिय मानव अधिकार आयोगले ती घटनाको नजिकबाट अनुगमन गरिरहेको छ । साथै, आयोगले स्वविवेकमा घटनाको उजुरी ग्रहण गरी अनुसन्धान शुरु गरेको छ । सो क्रममा आयोगले घटनाको सत्यतथ्य अनुसन्धान गरी १० दिनभित्र जानकारी गराउन पनि आजै गृह मन्त्रालयलाई पत्राचार गरेको छ ।

पछिल्लो समयमा सडक तथा खानेपानी विस्तार गर्ने, ढल व्यवस्थापन गर्ने सन्दर्भमा भत्काइएका राजधानी तथा मोफसलका सडकहरु समयमा मर्मत तथा पुर्ने काम नगरिंदा सर्वसाधारण एवं बालबालिकाहरुले दैनिक आवतजावतमा समस्या भोग्नुपरेको तथा मानवीय क्षति समेत हुने गरेको अवस्था छ । विकास निर्माणसँग सम्बन्धित निकायहरु विच समन्वयको अभाव, आर्थिक वर्षको अन्त्यमा अत्यधिक बजेट खर्च गर्ने प्रवृत्ति, सम्बन्धित निकायबाट प्रभावकारी अनुगमनको अभावबाट यस्ता प्रकृतिका घटनाहरु घट्ने गरेको देखिन्छ । दिन प्रतिदिन सडकको अवस्था नाजुक बन्दै जाँदा समेत नगरपालिकाहरु, खानेपानी तथा ढल निकास विभाग, मेलम्ची खानेपानी आयोजना लगायतले आम नागरिकको अधिकारप्रति जिम्मेबारी नलिनु अत्यन्त दु:खद् हो । मानव अधिकारमूखी विकास पद्धति र विकास प्रशासनको अन्तर्सम्बन्ध हुन नसक्दा व्यक्तिको जीवनको अधिकार जोखिममा पर्न जाने तथ्यहरु समेत सार्वजनिक हुँदै आएका छन् ।

अत: यस किसिमका घटनाहरु भविष्यमा देशको कुनैपनि भागमा दोहोरिन नदिने तर्फ तत्काल आवश्यक सम्पूर्ण उपायहरु अवलम्बन गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ । साथै, मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा सम्बन्द्ध सबै पक्षको जिम्मेवारीपूण भूमिकाको पनि आयोग अपेक्षा गर्दछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org